# फिक्कल गाउँपालिका

## खाङसाङ, सिन्धुली

### बागमती प्रदेश, नेपाल

**स्थानीय राजपत्र**

**खण्डः१०** **संख्याः४** **मितिः २०८३/०३/०२**

**भागः २**


## फिक्कल गाउँपालिकाको "कृषि एम्बुलेन्स (कृषि उपज ढुवानी सेवा) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"


**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०२/२७**

**प्रमाणित मितिः२०८३/०२/२७**


### प्रस्तावना

कृषि उत्पादनको संकलन, ढुवानी तथा बजार व्यवस्थापनलाई सहज, व्यवस्थित र प्रभावकारी बनाई कृषकको उत्पादनको उचित मूल्य सुनिश्चित गर्न तथा कृषि उपजको क्षति न्यूनीकरण गर्न बान्छनिय भएकोले,

फिक्कल गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने ऐन,) २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "फिक्कल गाउँपालिका कृषि एम्बुलेन्स**(कृषि उपज ढुवानी सेवा)** सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८३"हुनेछ।

(२) गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि यो कार्यविधि लागू हुनेछ।

**२. परिभाषा**

यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले फिक्कल गाउँपालिका, सिन्धुलीलाई जनाउँछ।

ख) "कृषि एम्बुलेन्स" भन्नाले कृषि उपज, तरकारी, फलफूल, दूध, बीउ, नर्सरी, कृषि सामग्री तथा अन्य कृषि/पशु वस्तु ढुवानीका लागि प्रयोग हुने सवारी साधनलाई जनाउँछ।

ग) "लाभग्राही संस्था" भन्नाले गाउँपालिकाद्वारा छनौट गरिएको कृषि फर्म, कृषक समूह वा कृषि सहकारी संस्थालाई जनाउँछ।

घ) "समिति" भन्नाले दफा १० बमोजिमको कृषि एम्बुलेन्स व्यवस्थापन समितिलाई जनाउँछ।

ङ) "साझेदारी रकम" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका वा अन्य निकायबाट उपलब्ध गराइने अनुदान वा साझेदारी रकमलाई जनाउँछ।

## परिच्छेद—२
## उद्देश्य

### ३. उद्देश्य

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

१. कृषि उत्पादनको समयमै संकलन तथा ढुवानी व्यवस्थापन गर्नु।

२. कृषकलाई बजारसम्म पहुँच सहज बनाउनु।

३. कृषि उत्पादनको नोक्सानी कम गर्नु।

४. स्थानीय कृषि व्यवसाय तथा सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्नु।

५. कृषि एम्बुलेन्स सञ्चालनलाई दिगो र पारदर्शी बनाउनु।

६. कृषि उत्पादनको मुल्य श्रङ्खला सुनिश्चित गर्न सहयोग गर्नु ।

## परिच्छेद—३
## कार्यक्रम सञ्चालन प्रक्रिया

### ४. बजेटको व्यवस्था

(१) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका वा अन्य निकायबाट कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त बजेट यस कार्यविधि अनुसार खर्च गरिनेछ।

(२) प्राप्त बजेट साझेदारी कार्यक्रमको रूपमा कार्यान्वयन गरिनेछ।

### ५. सूचना प्रकाशन

(१) कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाबाट आवेदन माग गर्नेछ।

(२) सूचनामा कम्तीमा देहायका विषय उल्लेख गरिनेछ—

- कार्यक्रमको उद्देश्य

- साझेदारीको प्रतिशत
- आवश्यक कागजात
- आवेदन दिने समयावधि
- छनौटका आधारहरू

**६. छनौट प्रक्रिया**

देहायका आधारमा लाभग्राही छनौट गरिनेछ—

- संस्थाको कानूनी दर्ता
- कृषि क्षेत्रमा सक्रियता
- संस्थासँग सम्बन्धित कार्यका लागि पूर्वाधारको अवस्था
- सेवा क्षेत्र
- व्यवस्थापन क्षमता
- वित्तीय सहभागिता गर्ने क्षमता
- अन्य गाउँपालिकाले तोकेका मापदण्ड

## परिच्छेद—४

## सम्झौता तथा खरिद प्रक्रिया

**७. सम्झौता**

(१) छनौट भएका लाभग्राही संस्थासँग गाउँपालिकाले सम्झौता गर्नेछ।

(२) सम्झौतामा देहायका विषय समावेश गरिनेछ—

- साझेदारी रकम
- दुवै पक्षको जिम्मेवारी
- सञ्चालन अवधि
- सेवा प्रवाह
- प्रतिवेदन पेश गर्ने व्यवस्था

- अनुगमन तथा मूल्याङ्कन
- सम्झौता रद्द गर्ने प्राबधान

## ८. कृषि एम्बुलेन्स खरिद

(१) कृषि एम्बुलेन्स खरिद गर्ने सम्पूर्ण प्रक्रिया सम्बन्धित लाभग्राही संस्था स्वयंले प्रचलित कानुन तथा खरिद प्रक्रिया पालना गरी सम्पन्न गर्नुपर्नेछ।

(२) गाउँपालिकाले सवारी साधन प्रत्यक्ष खरिद गर्नेछैन।

(३) लाभग्राही संस्थाले खरिद प्रक्रिया पूरा गरी अन्तिम चरणमा पुगेपछि आवश्यक प्रमाण तथा कागजात गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(४) खरीद सम्बन्धी सहजीकरण तथा सहयोगको लागि लाभग्राही संस्थाले गाउँपालिकासँग निवेदन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले आवश्यक सहयोग गर्ने छ ।

## ९. साझेदारी रकम निकासा

(१) खरिद प्रक्रिया सन्तोषजनक रूपमा सम्पन्न भएको पुष्टि भएपछि गाउँपालिकाले सम्झौताबमोजिमको साझेदारी रकम सम्बन्धित संस्थाको बैंक खातामा निकासा गर्नेछ वा खरिद प्रक्रियामा गाउँपालिकाद्वारा रकम निकासा भएको खण्डमा मात्र खरिद प्रक्रिया अगाडि बढ्ने अवस्थामा, लाभग्राही संस्थासँगको सम्झौता र आवश्यक कागजातको आधारमा कृषि एम्बुलेन्स व्यवस्थापन समिति वा गाउँ कार्यपालिकाको निर्णय अनुसार प्रक्रिया भइरहँदा समेत रकम निकासा गर्न सकिनेछ।

(२) साझेदारी रकम बाहेकको बाँकी वा पूर्ण रकम सम्बन्धित संस्थाले स्वयं व्यवस्थापन गर्ने वा अन्य संघ संस्था दातृनिकायले समेत गर्न सक्ने छ ।

(३) गाउँपालिकाले उपलब्ध गराएको रकम अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन।

## परिच्छेद—५
## सञ्चालन तथा व्यवस्थापन

### १०. कृषि एम्बुलेन्स व्यवस्थापन समिति

कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिकामा देहाय बमोजिम समिति गठन हुनेछः

१. कार्यपालिकाको अर्थिक विकास समिति संयोजक- अध्यक्ष
२. प्रमुख प्रशासकीय अधिकृत — सदस्य
३. आर्थिक प्रशासन शाखा प्रतिनिधि — सदस्य
४. सम्बन्धित लाभग्राही संस्थाको प्रतिनिधि — सदस्य
५. राजस्व वा जिन्सी शाखा प्रतिनिधि — सदस्य
६. कृषि विकास शाखा प्रमुख/पशुसेवा शाखा प्रमुख — सदस्य सचिव

नोटः आवश्यकतानुसार समतिले अन्य विज्ञ वा प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

### ११. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- सञ्चालनको अनुगमन गर्ने।
- सेवा प्रभावकारिता मूल्याङ्कन गर्ने।
- सेवा विस्तार सम्बन्धी सुझाव दिने।
- सेवा शुल्क तथा भाडादर निर्धारणका लागि निर्णय गर्ने।
- आवश्यक निर्देशन दिने।
- आवश्यक नीतिगत कानूनि व्यवस्था गर्ने ।
- कार्यालय, कर्मचारी, चालक लगायत आवश्यक व्यवस्थापनको लागि निर्णय गर्ने ।

## परिच्छेद—६
## सेवा शुल्क तथा भाडादर

### १२. सेवा शुल्क

(१) कृषि एम्बुलेन्सको सेवा शुल्क वा भाडादर सम्बन्धित संस्था र गाउँपालिकाको संयुक्त बैठक वा आपसी निर्णयबाट निर्धारण गरिनेछ।

(२) सेवा शुल्क निर्धारण गर्दा निम्न आधारलाई विचार गरिनेछ—

- दूरी
- इन्धन खर्च
- चालक तथा सञ्चालन खर्च
- मर्मत सम्भार
- कृषकको हित

(३) आवश्यकतानुसार समय-समयमा भाडादर पुनरावलोकन गर्न सकिनेछ।

## परिच्छेद—७
## लाभग्राही संस्थाको दायित्व

### १३. दायित्व

- कृषि एम्बुलेन्स नियमित सञ्चालन गर्नुपर्ने।
- कृषि उपज ढुवानीलाई प्राथमिकता दिनुपर्ने।
- सेवा अभिलेख राख्नुपर्ने।
- समयमै मर्मत सम्भार गर्नुपर्ने।
- गाउँपालिकालाई आवश्यक विवरण उपलब्ध गराउनुपर्ने।
- तोकिएको उद्देश्य विपरीत प्रयोग गर्न नहुने। तोकिएको उद्देश्य विपरीत कार्य गरेमा नियम अनुसार दण्ड सजाय, जुरिवाना सम्बन्धित लाभग्राही संस्थाले बेहोर्नु पर्नेछ।

## परिच्छेद—८
## अनुगमन तथा प्रतिवेदन

### १४. अनुगमन

गाउँपालिकाले आवश्यकता अनुसार कृषि एम्बुलेन्स सञ्चालनको अनुगमन गर्नेछ।

### १५. प्रतिवेदन

लाभग्राही संस्थाले मासिक र वार्षिक सेवा विवरण, आम्दानी, खर्च तथा सञ्चालन प्रतिवेदन व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ।

## परिच्छेद—९
## विविध

### १६. सम्झौता रद्द

सम्झौताको शर्त उल्लङ्घन भएमा गाउँपालिकाले आवश्यक छानबिन गरी सम्झौता रद्द गर्न तथा प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न सक्नेछ।

### १७. विवाद समाधान

यस कार्यविधि कार्यान्वयनका क्रममा उत्पन्न विवाद व्यवस्थापन समितिको निर्णय बमोजिम समाधान गरिनेछ।

### १८. संशोधन

यस कार्यविधिमा आवश्यक संशोधन गाउँ कार्यपालिकाले प्रचलित कानुन बमोजिम गर्न सक्नेछ।

### १९. बाधा अड्काउ फुकाउने अधिकार

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

## २०. अन्यः

साझेदारीमा कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने सूचनाको नमुना, प्रस्ताव फारमको नमुना, मूल्याङ्कनका सूचकहरूको अङ्कभार लगायत अन्य आवश्यक पर्ने कागजातहरू कृषि मुल्यान व्यवस्थापन समिति द्वारा तोकेअनुसार हुनेछ। मूल्याङ्कनका आधार तथा अन्य कागजातहरू समितिले आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।

**आज्ञाले**

**डम्बरबहादुर रजनमगर**

**प्रमुख प्रशासकीय अधिकृत**